BRITISH COUNCIL

# बाल संरक्षण आचारसंहिता

**बालबालिकासँग काम गर्ने ब्रिटिश काउन्सिलका सबै कर्मचारीहरुले हस्ताक्षर गरी यस आचारसंहिताको पालना गर्नुपर्नेछ ।**

*(यहाँ कर्मचारी भन्नाले ब्रिटिश काउन्सिलको लागि काम गर्ने, पैसा वा विना पैसामा, पूर्ण वा आंशिक समय काम गर्ने जुनसुकै व्यक्तिलाई मानिन्छ वा बुझिन्छ । यसमा प्रत्यक्ष कर्मचारी, खास जिम्मेवार प्राप्त व्यक्ति वा संरक्षक, करार सेवा प्रदान गर्ने व्यक्तिहरु, एजेन्सी कर्मचारी, परामर्शदाता, स्वयंसेवी वा इन्टर्न वा प्रशिक्षार्थीहरुसमेत पर्दछन्)*

**सँधै गर्नुपर्ने,**

- बालबालिकालाई सुन्ने र सम्मान गर्ने, उनीहरुको सशक्तीकरण गर्ने र उनीहरुलाई सम्भव भएसम्म क्रियाकलापको योजना बनाउन र त्यसलाई कार्यान्वयन गर्न अवसर दिने ।
- बालबालिकाको लागि जोखिम निम्त्याउने अवस्थाप्रति सचेत हुने र त्यसको न्यूनीकरणका लागि आवश्यक कारवाही थाल्ने ।
- बालबालिकासँग कार्य गर्दा सकेसम्म प्रत्यक्ष भएर गर्ने,
- कार्यस्थलमा आफूले लगाउने पहिरनबारे ध्यान दिने । बालबालिकासँग कार्य गर्ने वयस्क व्यक्तिले आफ्नो जिम्मेवारीका काम गर्दा उचित पोशाक लगाउनुपर्नेछ ।
- कर्मचारीहरुबीच जवाफदेहिताको भावना रहेको सुनिश्चित गर्ने र गर्न योगदान गर्ने, ताकि कमजोर अभ्यास वा शोषण गर्ने खालको व्यवहारलाई नियन्त्रण गर्न सकियोस् ।
- बालबालिकाको संरक्षण वा हितसँग सम्बन्धित कुनै गुनासो वा समस्या भए आफ्नो बाल संरक्षण सम्पर्क व्यक्ति, आफ्नो प्रबन्धक वा कर्पोरेट बाल संरक्षण टीमलाई खबर गर्ने ।
- गोपनीयताको पालना गर्ने, यस नीतिभन्दा बाहिर गएर वास्तविक वा शंकास्पद दुर्व्यवहारको कुनै पनि परिस्थितिबारे कुरा नगर्ने । त्यस्ता घटनामा सम्बन्धित रहेकाहरुको गोपनीयताको अधिकारको लागि यो जरुरी छ ।
- यदि तपाई बालबालिका सामेल भएका कुनै कार्यक्रम वा यात्राको व्यवस्था गर्दै हुनुहुन्छ वा सहभागी हुँदै हुनुहुन्छ भने तपाईंले यात्रा तथा कार्यक्रमसम्बन्धी बालसंरक्षणका आधारभूत कार्यसूची अध्ययन गर्नुपर्छ ।
- सकरात्मक कक्षाकोठा वातावरणको विकास गर्न एवम् दुर्व्यवहार रोक्न शिक्षकहरुलाई यस आचारसंहिताको प्रयोग गर्न प्रेरित गरिन्छ । दुर्व्यवहार विरोधी र सकरात्मक अनुशासनसम्बन्धी स्रोतहरुको लागि बाल संरक्षण इन्ट्रानेट हेर्न र परामर्श गर्न पनि शिक्षकहरुलाई प्रोत्साहन गरिन्छ ।

**कहिल्यै गर्न नहुने**

- बालबालिकालाई पिट्ने, अन्य कुनै शारीरिक आक्रमण वा दूर्व्यवहार गर्ने ।
- बालबालिकालाई खिसी गर्ने, अपमान गर्ने, वा होच्याउने ।
- बालबालिकाप्रति फरक-फरक व्यवहार गर्ने वा अन्य बालबालिकालाई उपेक्षा गरी खास बालबालिकालाई समर्थन गर्ने ।
- अनुचित, अपमानजनक, चिढाउने, चित्त दुखाउने वा दुर्व्यवहार गर्ने किसिमका भाषाको प्रयोग गर्ने वा संकेत गर्ने ।
- अन्यलाई छाडेर कुनै निश्चित बालबालिकासँग एक्लै धेरै समय बिताउने ।
- बालबालिकाहरुसँग कुनैपनि तरिकाले दुर्व्यवहार देखिन आउने सम्बन्धको विकास गर्ने ।
- बालबालिकासँग अन्तरंग यौनसम्बन्ध विकास गर्ने ।
- १८ बर्षमुनिका कसैलाई पनि कुनै पनि समयमा कुनै पनि प्रकारको यौनसँग सम्बन्धित सेवा गराउन पैसा दिने वा सहमतिमा यौन सम्बन्ध राख्ने ।
- बालबालिकालाई विद्युतीय वा अन्य कुनै रुपमा यौन सामग्री वा अश्लील सामग्री देखाउने ।
- गैरकानुनी, असुरक्षित वा दुर्व्यवहार हुने कनै पनि क्रियाकलापमा बालबालिकालाई भाग लिन अनुमति दिने ।
- काम गर्न थालेपछि :
  - लागूऔषध सेवन गर्ने वा लागू औषध सेवन गर्न दिने वा गर्दा नदेखेजस्तो गर्ने ।
  - बालबालिकासँग मदिरा सेवन गर्ने (वा सम्पर्क हुनु पहिले) ।
- आमाबुबा वा अभिभावकको सहमति नभएको अवस्थामा पनि बालबालिकासँग एउटै कोठामा सुत्ने ।
- कामको समयमा भेटेको कुनै बालबालिकालाई घरमा बोलाउने वा आउन अनुमति दिने ।
- कुनै बालबालिकालाई एक्लै कारमा छोडिदिने प्रस्ताव गर्ने ।
- कुनै जिम्मेवार वयस्क व्यक्ति नभएको अवस्थामा कुनै बालबालिकाको घरमा जाने ।
- बालबालिकासँग सम्पर्क गर्न निजी इमेल, सामाजिक सञ्जाल साइट, मोबाइल फोन वा अन्य संचार माध्यम प्रयोग गर्ने *(बालबालिकासँग संचार गर्दा सँधै व्यवसायिक इमेलको प्रयोग गर्ने र आमाबुबालाई पनि त्यसको प्रति सँगै पठाउने ) ।*
- बालबालिकाको सहमति विना ब्रिटिश काउन्सिलका क्रियाकलापमा सहभागी हुने बालबालिकाको फोटो खिच्ने *( सहमति सँधै लिखितरुपमा आमाबाबु वा रेखदेख गर्ने व्यक्तिबाट लिनुपर्ने) ।*
- आफू वा अन्य विरुद्ध गरिएका आरोपहरु खबर नगर्ने ।
- बाल दुर्व्यवहारसँग सम्बन्धित कुनै पनि सूचना गोप्य राख्न सहमत हुने *(गुनासोबारे रिपोर्ट वा खवर गर्दा प्रक्रियागत रुपमा गर्नुपर्छ)*

यो नै पूर्ण सूची भने होइन । मुख्य कुरा यो हो कि कुनै पनि कर्मचारीले त्यस्ता कार्य वा व्यवहार गर्नुहुँदैन जसमा कमजोर अभ्यास वा सम्भवत दुर्व्यवहार वा अशिष्ट व्यवहार रहेको हुन्छ ।